जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १४५ २०८२ साल पुस २३ गते बुधबार (7 Jan 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कृषि तथा खाद्य : आत्मनिर्भरता,.. ३ पृष्ठमा : आचारसंहिताको प्रभावकारी ... ३ पृष्ठमाइरानमा प्रदर्शन हिंसात्मक...

# प्रमुख र उपप्रमुखको विवादमा कञ्चनरुप नगरपालिकाको प्रशासनिक तथा नीतिगत प्रक्रिया अवरुद्ध

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा नगरप्रमुख र उपप्रमुखबीचको कानुनी विवादका कारण नगरपालिकाको नियमित प्रशासनिक तथा नीतिगत प्रक्रिया अवरुद्ध भएको छ ।

नगरप्रमुख गुप्ताका अनुसार उपप्रमुख मुना कुमारी पोखरेलले नगरप्रमुखको अधिकार खोसेको आरोप लगाउँदै अदालतमा मुद्दा दायर गरेपछि नगरपालिकाको कामकाज प्रभावित बनेको छ ।

नगरप्रमुख ललन प्रसाद गुप्ताले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै उपप्रमुखसँगको विवादका कारण नगरसभा र नियमित कामकाज ठप्प भएको जनाएका छन् ।




नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरप्रमुख र उपप्रमुखका अधिकार स्पष्ट रुपमा विभाजन गरेको उल्लेख गर्दै आफूले उपप्रमुखका कुनै पनि कानुनी अधिकार नखोसेको दाबी गरे । उपप्रमुखले लगाएका आरोप भ्रमपूर्ण, आधारहीन र राजनीतिक उद्देश्यबाट प्रेरित रहेको उनको भनाइ छ । उपप्रमुखको असहयोग र मुद्दाका कारण नगरसभा बस्न नसक्दा नीति, कार्यक्रम र बजेट पारित हुन सकेको छैन ।

यसको प्रत्यक्ष असर स्वरुप शिक्षक तथा कर्मचारीहरूले महिनौंदेखि तलब भत्ता नपाएको भन्दै नगरप्रमुखले गहिरो दुःख व्यक्त गरे । अदालतको आदेशका कारण बैठक, निर्णय तथा आर्थिक प्रक्रिया अघि बढाउन

*बाँकी अन्तिम पृष्ठमा*

# सर्वोच्चमा जलेका दश हजार बढी मुद्दाका मिसिल तयार

काठमाडौं, २२ पुस (रासस) ।

सर्वोच्च अदालतमा आगजनीमा परेर जलेका १० हजार बढी मुद्दाको मिसिल तयार पारिएको छ ।

सर्वोच्चमा रहेका कुल २४ हजार मुद्दाका मिसिलमध्ये गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा २० हजार मिसिल आगलागीमा परेर जलेको थियो । चार हजार मिसिल मात्रै आगलागीबाट जोगिएको थियो ।

सर्वोच्च अदालतका प्रवक्ता निराजन पाण्डेका अनुसार यही पुस २१ गतेसम्म सेवाग्राही संस्था, महान्यायाधिवक्ताको कार्यालयबाट गरी हालसम्म जलेका मुद्दाहरूमध्ये १० हजार ३४० मुद्दाका मिसिल तयार पारिएको छ ।

सर्वोच्च अदालतले जलेका मुद्दाका मिसिलहरू महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन र सम्बन्धित मुद्दाका पक्षहरूसँग उपलब्ध गराउन आग्रह गरेको थियो । सोही अनुसार मुद्दाका मिसिलहरू सङ्कलन गर्ने काम भइरहको छ ।

# कैदीबन्दीद्वारा चौकिदारमाथी अनियमितताको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

कारागार कार्यालय सप्तरीका कैदीबन्दीले आफुहरुले पाउने विभिन्न सेवा सुविधा रकम तथा सामग्रीमा चौकिदारले अनियमितता गर्ने गरेको आरोप लगाएका छन । उनीहरुले सो प्रकरणबारे उचित छानवीन हुनु पर्ने माँग समेत गरेका छन ।

उनीहरुले चौकिदार मनोज यादव र कामेश्वर यादवले कारागारको “क” ब्लकमा राशन सामग्रीमा मनपरी मूल्य कायम गरी वसुली गर्नेदेखी कैदीबन्दीका लागी चिसो छल्न सरकारद्वारा कपडाका लागी पठाइएको रकममा समेत आर्थिक अनियमितता गरेको दाबी गरेका छन ।

कारागारमा बन्दी जीवन बिताईरहेका सिरहाका दिपेन्द्र महतोका अनुसार चौकिदार कामेश्वर र मनोजले एक पिस माछाको ९० तथा मासुको १




सय ५० रुपैया जबरजस्ती वसुल्ने गरेको बताए । यस्तै आलु प्रति केजी १ सय, प्याज प्रति केजी १ सय ५० र काउली प्रति केजी २ सय ५० का दरले कारागारका कैदीबन्दीलाई बेच्ने गरेको उनको भनाई छ । यतिमात्र होइन, चिसो मौसमलाई ध्यानमा राखी सरकारले कपडाका लागी प्रति कैदीबन्दी २ हजार ५ सयका दरले पठाइएको रकममा पनि आर्थिक अनियमितता भएको कैदीबन्दीको गुनासो छ ।

यसै विषयलाई लिएर अघिल्लो दिन सोमवार साँझ हो-हल्ला भएपछि जिल्ला प्रहरी कार्यालयबाट पुगेको टोलीले स्थिती नियन्त्रणमा लिएको प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए । उनले कैदीबन्दीको माग अनुसार चौकिदारको सरुवा गरिएपछि कारागारको तनाव साम्य भएको बताए ।

यता पाँच दिन अघि मात्र जिम्मेवारी सम्हालेका निमित्त जेलर शुशिल कर्णले कैदीबन्दीको गुनासो आएपछि दुबै चौकिदारलाई “क” ब्लकबाट हटाएर अनुसन्धान भइरहेको बताए । उनले राशन सामग्रीमा मनपरी मूल्य चौकिदारले लिएको गुनासो पछी कारागार भित्र राशन सामग्रीको उचित मुल्य कायम गरी मूल्य सुची नै टाँस गरिएको बताए ।

उनले कपडा बापतको रकम सम्बन्धमा कैदीबन्दीले लगाएको आरोप पनि छानवीन भईरहेको बताए ।

# दुई क्षेत्रबाट उम्मेदवारी सिफारिस भएका नेकपा नेता जसपा नेपालमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

प्रतिनिधिसभा निर्वाचनका लागि सप्तरीको क्षेत्र नं. २ र ३ बाट उम्मेदवारको रुपमा सिफारिस भएका नेकपाका नेता उमेश कुमार यादव जसपा नेपालमा प्रवेश गरेका छन् ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका निबासी ५५ बर्षिय यादव मंगलबार नेकपा परित्याग गर्दै उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपालमा प्रवेश गरेका हुन् ।

प्रचण्ड नेतृत्वको तत्कालिन माओवादी केन्द्रका केन्द्रिय सदस्य एवं पूर्वसिचाई मन्त्री यादवलाई जसपा नेपालको केन्द्रिय कार्यालय बालकुमारीमा आयोजित एक कार्यक्रममा अध्यक्ष उपेन्द्र यादवले स्वागत गर्दै सदस्यता प्रदान गरेका छन् । उक्त अवसरमा मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत तथा महिला नेतृ रेणु यादव लगायतको उपस्थिति रहेको थियो ।

जसपा नेपालमा प्रवेश गरेका नेता यादवले माओवादी नेता मातृका यादव र बिश्वनाथ साहको हैकम प्रवृती तथा पार्टी भित्र उनीहरुले चलाएको अलोकतान्त्रिक गतिविधीका कारण पार्टी छोड्न आफू बाध्य भएको प्रतिक्रिया दिएका छन् ।

उनले अब नयाँ ढंगले राजनीतिक यात्रा सुरु गर्ने र मुलुकको हित जसपा नेपालबाट मात्र सम्भव भएको बताए । उनी २०७० सालमा नेकपा माओवादी केन्द्रको तर्फबाट सप्तरीबाट संबिधानसभा सदस्यमा निर्वाचित भई प्रचण्ड नेतृत्वको सरकारमा सिंचाई मन्त्री समेत भएका थिए । उनी जनयुद्धका बेला सप्तरीमा जनसरकार प्रमुखको रुपमा समेत जिम्मेवारी बहन गरेका थिए ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, वृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दलगत स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने आवश्यकता

स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । विकास, सेवा प्रवाह र सुशासनको मुख्य जिम्मेवारी यही तहमा निहित हुन्छ । तर पछिल्लो समय धेरै स्थानीय तहमा मेयर र उपमेयरबीचको विवादले कामकाज प्रभावित हुँदै गएको देखिन्छ । एउटै जनमतबाट निर्वाचित नेतृत्वबीच किन यस्तो तकरार बढ्दै गएको हो भन्ने प्रश्न गम्भीर बनेको छ । कानुनले मेयरलाई कार्यकारी प्रमुख माने पनि उपमेयरलाई न्यायिक समिति तथा केही विशेष जिम्मेवारी दिएको छ । व्यवहारमा भने धेरै मेयरले उपमेयरलाई औपचारिक भूमिकामा सीमित राख्ने प्रवृत्ति देखिन्छ । यसले उपमेयरमा असन्तोष बढाउँछ र विवादको बीउ रोपिन्छ ।

राजनीतिक दलगत प्रतिस्पर्धा हो । कतिपय स्थानीय तहमा मेयर र उपमेयर फरक-फरक दलबाट निर्वाचित छन् । दलगत स्वार्थ, आगामी निर्वाचनको तयारी र शक्ति प्रदर्शनको होडले सहकार्यभन्दा प्रतिस्पर्धालाई प्राथमिकता दिन थालिन्छ । यसले व्यक्तिगत अहंकार र आरोप-प्रत्यारोपलाई बढावा दिन्छ । यस्तै स्रोत र बजेटको नियन्त्रण पनि विवादको मुख्य कारण बनेको छ । विकास बजेट, योजना छनोट र कर्मचारी व्यवस्थापनमा पारदर्शिता नहुँदा उपमेयरले आफूलाई उपेक्षित महसुस गर्छन् । निर्णय प्रक्रियामा सहभागी नगरिँदा असहमति खुला विवादमा रूपान्तरण हुन्छ । व्यक्तिगत सोच र नेतृत्व शैलीको फरकपन पनि कम महत्वपूर्ण छैन । समन्वय र संवादको अभाव, आलोचना सहन नसक्ने प्रवृत्ति तथा एक अर्कालाई विश्वास नगर्ने मनोवृत्तिले समस्या थप जटिल बनाउँछ ।

मेयर उपमेयरबीचको विवादले अन्ततः जनतालाई नै घाटा पुर्‍याउँछ । विकास योजना अवरुद्ध हुन्छन्, सेवा प्रवाह कमजोर बन्छ र स्थानीय सरकारप्रतिको विश्वास घट्छ । तसर्थ समाधानका लागि कानुनी स्पष्टता, नियमित संवाद, पारदर्शी निर्णय प्रक्रिया र दलगत स्वार्थभन्दा माथि उठेर काम गर्नुपर्ने आवश्यकता छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कृषि तथा खाद्य : आत्मनिर्भरता, ग्रामीण समृद्धि र राष्ट्रको आधारभूत शक्ति

**खेम शर्मा**

काठमाडौँ, २२ पुस (रासस) ।

कृषि कुनै साधारण उत्पादन प्रणाली मात्र नभएर राष्ट्रको जीवनशक्ति नै हो भन्दा फरक पर्दैन । हाम्रो खानपान, संस्कृति, गाउँको अस्तित्व, रोजगारी, खाद्य सुरक्षा र आर्थिक स्वाधीनता सबैको जरो नै कृषि हो । कृषि कमजोर भयो भने गाउँ कमजोर हुन्छ, गाउँ कमजोर भयो भने समाज अस्थिर हुन्छ र समाज अस्थिर भयो भने राष्ट्र आत्मनिर्भर रहन सक्दैन । नेपालवादको दृष्टिमा कृषि भनेको राष्ट्रलाई भोकबाट मात्र होइन, परनिर्भरताबाट जोगाउने आधार पनि हो । त्यसैले कृषि बलियो नभएसम्म राष्ट्र पनि आत्मनिर्भर हुँदैन ।

आजको यथार्थ कठोर छ । किसान परिश्रम गर्छ, तर पनि उसको आम्दानी भने अनिश्चित रहन्छ । उत्पादन हुन्छ, तर मूल्य किसानले निर्धारण गर्न सक्दैन । मल, बीउ, सिँचाइ चाहिन्छ, तर समयमा र गुणस्तरसहित उपलब्ध हुँदैन । नीति बनाइन्छ, तर कार्यान्वयन ढिलो र खण्डित हुन्छ । यो स्रोतको अभाव मात्र नभई नीति, संरचना र प्रणालीको कमजोरी हो । अनुदान बाँडेर नभई, संरचना सुधारेर मात्र कृषि उठ्छ । त्यसैले यसो भन्नुपर्छ कि कृषि सङ्कट किसानको कमजोरी होइन, प्रणालीको असफलता हो ।"

आत्मनिर्भरता सुरु हुन्छ, उत्पादकत्वबाट । उन्नत बीउ, माटोअनुकूल जात, जलवायु-सहनशील बाली, वैज्ञानिक खेती र प्रविधिको प्रयोग बिना उत्पादन बढ्दैन । तर हाम्रो अनुसन्धान किसानसम्म पुग्दैन, बीउ परीक्षण कमजोर छ, विस्तार सेवा सुस्त छ । प्रविधिले उत्पादन दोब्बर बनाउन सक्छ, तर प्रविधि किसानको हातमा पुग्ने बाटो भने धेरै नै जटिल छ । प्रयोगशालाबाट खेतसम्म पुग्ने प्रणाली नै परिवर्तनको मेरुदण्ड हो । प्रविधि किसानको हातमा पुगेपछि मात्र उत्पादन उकालो लाग्न सक्छ ।

सिँचाइ कृषि उत्पादनको धड्कन हो । पानी प्रशस्त भएर पनि सिँचाइ असमान छ, कतै स्रोत छ तर प्रणाली कमजोर, कतै स्रोत छ तर पहुँच छैन । सिँचाइ नहुँदा खेती मौसममा निर्भर हुन्छ, जोखिम बढ्छ, किसान वर्षेनी घाटामा जान्छ । सिँचाइलाई परियोजना होइन, राष्ट्रिय उत्पादन प्रणालीको आधार मान्नुपर्छ । साना, मध्यम र ठूला सिँचाइ संरचना एकीकृत रूपमा बनेपछि मात्रै खेती योजना बन्छ । सिँचाइ बिनाको कृषि आकासे फलजस्तै हो, त्यसैले सिँचाइसँगै कृषि योजना बन्छ ।

दिगो कृषि माटो स्वास्थ्यमा मात्र टिक्छ । अत्यधिक रासायनिक मल, माटो परीक्षण अभाव, जैविक पदार्थको कमी र क्षरणले उर्वराशक्ति घट्दैछ । माटो कमजोर हुँदा उत्पादन घट्छ तर उता लागत भने बढ्छ ।यसबाट किसान निराश हुन्छ । माटोको संरक्षण दीर्घकालीन राष्ट्रिय सम्पत्ति संरक्षण हो । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन बिना टिकाउ कृषि सम्भव छैन । माटो जोगाइएन भने स्वभावतः खेती पनि जोगिँदैन ।

आधुनिक कृषि प्रणालीको प्रवेशद्वार हो यान्त्रीकरण र सीप । हातमा मात्र आधारित खेतीले सीमित उत्पादन दिन्छ । मेसिन, सानो सिँचाइ प्रविधि, हरितगृह, आधुनिक कटानी, बाली सङ्कलन, स्मार्ट खेती बिना प्रतिस्पर्धा सम्भव छैन । तर यान्त्रीकरण महँगो छ, वित्त पहुँच कठिन छ, तालिम सीमित छ । नेपालवाद किसानलाई श्रमिक मात्र होइन, कृषि उद्यमीका रूपमा उभ्याउने पक्षमा छ । किसान सीपयुक्त भयो भने खेती व्यवसाय बन्छ ।

हाम्रो कृषिको सबैभन्दा कमजोर कडी हो भण्डारण र चिस्यान । उत्पादन प्रशस्त हुँदा पनि सुरक्षित भण्डारण नहुँदा फलफूल, तरकारी र अन्न नष्ट हुन्छन्, मूल्य अस्थिर बन्छ, किसान घाटामा जान्छ । उत्पादन जोगाउन नसक्नु, उत्पादन गर्न नसक्नु जत्तिकै ठूलो कमजोरी हो । भण्डारण गृह, चिस्यान केन्द्र, अन्न भण्डार, फसल बीमा यी सबै कृषि मूल्य शृंखलाका अनिवार्य आधार हुन् । त्यसैले पनि उत्पादन जोगाउन सक्ने राष्ट्र मात्र आत्मनिर्भर हुन्छन् भनिएको हो ।

किसानको वास्तविक शक्ति हो बजारमा पहुँच । तर दलाल-केन्द्रित मूल्य निर्धारण, कमजोर स्थानीय बजार, महँगो ढुवानी र अपारदर्शी व्यापार प्रणालीले किसानलाई कमजोर बनाएको छ । किसान-बजारसँग प्रत्यक्ष जोडिन चाहन्छन् तर परिस्थिति त्यस्तो छैन । सहकारी, सङ्कलन केन्द्र, पारदर्शी मूल्य सूचना, करार खेती, डिजिटल व्यापारजस्ता संरचनाबाट किसानलाई मूल्य निर्धारणको केन्द्रमा ल्याउनुपर्छ । किसानले मूल्य नपाएसम्म कृषि न्याय हुँदैन ।

खाद्य आपूर्ति शृङ्खला राष्ट्रको पेट हो । खेतदेखि भान्सासम्म दूध, मासु, अन्न, तरकारी सुरक्षित, छिटो र स्वच्छ रूपमा पुग्नुपर्छ । आपूर्ति शृङ्खला कमजोर हुँदा कहिले अभाव, कहिले मूल्यवृद्धि, कहिले गुणस्तर समस्या देखिन्छ । खाद्य आपूर्तिलाई राष्ट्रिय सुरक्षा सरह प्राथमिकता दिनुपर्छ, किनकि भोको नागरिकले राष्ट्र निर्माण गर्न सक्दैन । खाद्य आपूर्ति कमजोर भयो भने राष्ट्र कमजोर हुन्छ ।

अब भविष्यको बाटो दिगो र जैविक कृषि हो । रासायनिक निर्भरता घटाउने, पानी बचत प्रविधि, जैविक प्रमाणीकरण, हरित बजार, जलवायु-स्मार्ट खेतीले मात्र दीर्घकालीन उत्पादन सुनिश्चित गर्छ । यो विकल्प होइन भविष्य हो । किसानको स्वास्थ्य, उपभोक्ताको स्वास्थ्य र वातावरण तीनैलाई सन्तुलनमा राख्ने रणनीति यही हो । कृषि दिगो भयो भने राष्ट्र दिगो हुन्छ ।

खाद्य सुरक्षा उत्पादन मात्रै होइन पोषण, पहुँच, संरक्षण र सङ्कट व्यवस्थापन हो । बाढी, सुख्खा, महामारी वा बजार सङ्कटमा नागरिक भोकै बस्नु राष्ट्रको सबैभन्दा ठूलो असफलता हो । नेपालवाद खाद्य सुरक्षा र पोषणलाई राष्ट्रिय सुरक्षाको स्तरमा राख्छ, ताकि सङ्कटमा पनि नागरिक सुरक्षित रहून् । भोकमुक्त राष्ट्र मात्र स्वतन्त्र राष्ट्र हो ।

कृषि उठ्यो भने गाउँ उठ्छ, गाउँ उठ्यो भने समाज स्थिर हुन्छ, समाज स्थिर भयो भने राष्ट्र आत्मनिर्भर बन्छ । नेपाल अब परनिर्भर कृषि होइन, आधुनिक, दिगो, उत्पादनशील र प्रतिस्पर्धी कृषि राष्ट्र बन्न सक्छ । यही नेपालवादको कृषिप्रतिज्ञा हो । नेपाल उत्पादन गर्छ, नेपाल खान्छ, र नेपाल आत्मनिर्भर बन्छ । यसका लागि निम्न विषयहरूमा थप जोड दिँदा राम्रो हुनेछ ।

**कृषि नीति तथा उत्पादन वृद्धि रणनीति**

कृषिमा सुधार टुक्रे कार्यक्रम होइन १५-२० वर्षको दीर्घकालीन दृष्टि हो । माटो, हावापानी र भूगोलअनुसार बालीको क्षेत्र निर्धारण, व्यावसायिक खेती करिडोर, उत्पादन लक्ष्य र जोखिम व्यवस्थापन स्पष्ट हुनुपर्छ । नीति स्पष्ट भए किसानको के रोप्ने भन्ने अन्योल हट्छ । लगानी सही ठाउँमा जान्छ र बजारसमेत अनुशासित हुन्छ । उत्पादन वृद्धि सिँचाइ, बीउ, माटो, बजार र भण्डारण एकै शृङ्खलामा बाँध्दा मात्रै सम्भव हुन्छ । दृष्टि स्पष्ट भयो भने खेतले दिशा पाउँछ ।

**उन्नत बीउ, प्रविधि तथा आधुनिक खेती प्रणाली**

बीउ केवल दाना होइन उत्पादनको भविष्य हो । गुणस्तरीय बीउ, रोग-प्रतिरोधी जात, माटो-अनुकूल बाली, खेतीमा रोग पहिचान, मौसम सूचना र कृषि परामर्श किसानसम्म सजिलो ढङ्गले पुग्नुपर्छ । अनुसन्धान प्रयोगशालामा सीमित भयो भने किसानको खेत उही पुरानै रहन्छ । नमूना खेत, किसान, मैदान विद्यालय, स्थानीय बीउ बैङ्क र प्रमाणीकरण प्रणालीले उन्नत बीउको भरोसा बढाउँछ । बीउ गुणस्तरीय भयो भने खेतले भविष्य उमार्छ ।

**सिँचाइ सुविधा विस्तार तथा पानी व्यवस्थापन**

सिँचाइ बिना कृषि जोखिम हो । नहर मर्मत, लिफ्ट सिँचाइ, साना जलाशय, पानी सञ्चित गर्ने संरचना र सूक्ष्म सिँचाइ प्रविधिले पानीलाई योजनाअनुसार चलाउन सकिन्छ । पानी वितरण न्यायपूर्ण र अनुशासित भए किसानले बाली चक्र मिलाउँछ, उत्पादन स्थिर हुन्छ र घाटा घट्छ । पानीको नक्सा, प्राथमिकता क्षेत्र र स्थानीय सहभागितासहित सिँचाइलाई राष्ट्रिय उत्पादन प्रणाली बनाउनु आवश्यक छ । पानी चलेपछि खेत पनि बोल्न थाल्छ अनि किसान पनि बाँच्दछ ।

**माटो स्वास्थ्य संरक्षण तथा मल-बीउको नियमित उपलब्धता**

माटो थाक्यो भने खेती थाक्छ । माटो परीक्षण, सन्तुलित मल प्रयोग, जैविक पदार्थ थप्ने अभ्यास, बाली चक्र परिवर्तन र क्षरण रोक्ने काम अनिवार्य छन् । मल र बीउको नियमित, पारदर्शी र गुणस्तरीय आपूर्तिले किसानलाई अनिश्चितताबाट निकाल्छ । डिजिटल ट्र्याकिङ, किसान परिचयपत्रमार्फत लक्षित वितरण र स्थानीय बीउ/मल केन्द्रले समयमै उपलब्धता सुनिश्चित गर्छ । माटो बच्यो भने कृषि बच्छ, कृषि बच्यो भने राष्ट्र बच्छ ।

**कृषि यान्त्रिकीकरण, सीप विकास तथा किसान प्रशिक्षण**

कृषि अब श्रमको घोटाइ होइन कि दक्षतामा आधारित व्यवसाय बन्नुपर्छ । भूगोलअनुसार उपयुक्त मेसिन, सहकारीमार्फत साझा मेसिन केन्द्र, मर्मत-कार्यशाला र तालिमले यान्त्रिकीकरण सुलभ बनाउँछ । किसानलाई मेसिन चलाउन, लागतगणना गर्न, उत्पादन योजना बनाउन र बजार बुझ्न सिकाएपछि खेती व्यवसाय बन्छ । युवालाई कृषि प्रविधिमा जोड्दा गाउँमै रोजगारी र उत्पादन दुवै बढ्छ । सीप र उपकरण मिलेपछि किसान उद्यमी बन्छ ।

**भण्डारण संरचना, चिस्यान केन्द्र तथा फसल-सुरक्षा प्रणाली**

भण्डारण बिना उत्पादन अधुरो छ । अन्न भण्डार, चिस्यान केन्द्र, पूर्व-चिस्याउने सुविधा, ढुवानीका चिस्यान साधन र फसल बीमाले नोक्सानी घटाउँछ । उत्पादन धेरै हुँदा मूल्य ढल्छ, त्यसलाई सम्हाल्न भण्डारण र बफर भण्डार आवश्यक हुन्छ । किसानले उत्पादन जोगाउन सकेपछि मात्र बजारसँग सौदाबाजी गर्न सक्छ । फसल जोगियो भने किसानको वर्ष जोगिन्छ ।

**बजार पहुँच, मूल्य स्थिरता तथा किसान आय-सुरक्षा**

किसानको सबैभन्दा ठूलो प्रश्नमूल्य कति भन्ने नै हो । न्यूनतम समर्थन मूल्य, करार खेती, सहकारीमार्फत सङ्कलन/बिक्री, पारदर्शी मूल्य सूचना र ढुवानी सहजीकरणले किसानलाई मूल्यअनिश्चितताबाट निकाल्छ । बजारमा दलाली घटाउन किसानबजार प्रत्यक्ष जडान र मूल्य जानकारी खुला हुनुपर्छ । आय स्थिर भयो भने किसानले जोखिम लिन सक्छ, प्रविधि अपनाउन सक्छ, र उत्पादन बढाउँछ । मूल्य स्थिर भयो भने किसान निडर बन्छ ।

**दूध, मासु, तरकारी तथा अन्न आपूर्ति शृङ्खला सुधार**

आपूर्ति शृंखला बिग्रियो भने किसान घाटामा र उपभोक्ता महँगोमा पर्छ । दुग्ध चिस्यान केन्द्र, मासु/दूधको गुणस्तर परीक्षण, अन्न भण्डार, चिस्यान ढुवानी र बजारमा स्वच्छ वितरण प्रणालीले खाद्य सुरक्षालाई बलियो बनाउँछ । किसान-प्रशोधन-बजार एउटै शृङ्खलामा जोड्दा नोक्सानी घट्छ र मूल्य स्थिर हुन्छ । आपूर्ति शृङ्खला बलियो भयो भने कृषि इन्जिन बन्छ ।

*बाँकी तीन पृष्ठमा*

# आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जोड

काठमाडौँ, २२ पुस (रासस)।
सूचना प्रविधिको प्रयोगले आचारसंहिता कार्यान्वयनमा थपेका चुनौती नियन्त्रणका लागि प्रभावकारी संयन्त्रको निर्माण गर्नुपर्नेमा जोड दिइएको छ। केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठकले सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्मबाट निर्वाचनका समयमा प्रवाह हुने मिथ्या सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा भ्रमपूर्ण जानकारीको नियन्त्रण गर्नेलगायत विषयमा विशेष संयन्त्र बनाएर नियन्त्रण गर्नुपर्नेमा जोड दिइएको हो।

निर्वाचन आचारसंहिता, २०८२ को दफा २६ को व्यवस्थाबमोजिम गठित केन्द्रीय आचारसंहिता अनुगमन समितिको पहिलो बैठकले आचारसंहिता कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै विशेष संयन्त्रको आवश्यकता औँल्याएको हो।

समितिका संयोजक एवं निर्वाचन आयुक्त सगुन शम्शेर जबराको संयोजकत्वमा बसेको बैठकमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी तथा आयुक्त डा जानकीकुमारी तुलाधरसहित समितिका अन्य पदाधिकारीको उपस्थिति रहेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

बैठकमा आचारसंहिताको प्रभावकारी परिपालना एवं कार्यान्वयनका लागि अन्तरनिकाय सहकार्य, सोका लागि प्रचलित कानुनले तोकेका नियामक निकायको भूमिका, आचारसंहिता कार्यान्वयनका चुनौती र नियन्त्रणका विविध पक्षमा छलफल भएको थियो। बैठकमा सहभागी सदस्यहरूले आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि सचेतनामूलक, प्रवर्द्धनात्मक र दण्डात्मकजस्ता विधिलाई एकसाथ अघि बढाउन उपयुक्त हुने धारणा व्यक्त गर्नुभएको थियो।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सामाजिक सञ्जाल नियमनको विषय महत्वपूर्ण भएको र आयोगले सबै संयन्त्रलाई प्रभावकारी रूपमा प्रयोग गर्नुपर्ने बताउनुभयो। उहाँले आचारसंहिता कार्यान्वयनमा प्रविधि दुरुपयोग रोक्ने प्रभावकारी संयन्त्रसहित नियामक निकाय, अनुसन्धान र अभियोजन गर्ने निकायसँगको सहयोग र सहकार्य अपरिहार्य रहेको धारणा राख्नुभयो।

आयुक्त डा तुलाधरले राजनीतिक दलहरूसँग परामर्श गरेर आचारसंहिता लागू गर्ने जानकारी गराउँदै निर्वाचनका समयमा प्रवाह हुने मिथ्या सूचना तथा भ्रमपूर्ण जानकारी न्यूनीकरणमा आयोग सचेत रहेको उल्लेख गर्नुभयो। अनुगमन समितिका संयोजक रहनुभएका निर्वाचन आयुक्त जबराले विगतका कमजोरीलाई सुधार गरी यसपटक निर्वाचन आचारसंहिता कार्यान्वयनमा गुणात्मक उद्देश्य हासिल हुने विश्वास व्यक्त गर्नुभयो।

निर्वाचनको स्वच्छता र निष्पक्षताका लागि आचारसंहिता कार्यान्वयन प्रभावकारी बनाउन आवश्यक रहेकाले सूचना प्रविधिको दुरुपयोगबाट हुने चुनौती रोक्न आयोगले सबैपक्षसँग सहकार्य गर्ने समितिका संयोजक जबराले स्पष्ट पार्नुभयो। बैठकमा निर्वाचन आयोग तथा विभिन्न मन्त्रालयका सचिव एवं सुरक्षा निकायका प्रमुखको उपस्थिति थियो।

# अनलाइनबाट पाँच लाख २६ हजार 'प्रहरी रिपोर्ट' जारी

काठमाडौँ, २२ पुस (रासस)।
नेपाल प्रहरीले चालु आर्थिक वर्षमा हालसम्म पाँच लाख २६ हजार ३५५ जनालाई अनलाइनबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) उपलब्ध गराएको छ।

सो अवधिमा छ लाख ५९ हजार ४५ वटा अनलाइन आवेदन प्राप्त भएका थिए। तीमध्ये एक लाख ३० हजार ४२९ वटा आवेदन रद्द भएका थिए भने दुई हजार २६१ आवेदन कार्यान्वयनको क्रममा छन्।

हाल दैनिक छ हजारदेखि पाँच हजार ५०० सम्म अनलाइन आवेदन प्राप्त हुने र तीमध्ये सामान्यतया चार हजार ५०० प्रमाणपत्र दैनिक उपलब्ध गराइने गरिएको प्रहरीले जनाएको छ। अधिकांश विकसित मुलुकहरूले प्रवेशाज्ञाका लागि तथा सरकारी एवं निजी सङ्घ संस्थाहरूले समेत रोजगारीलगायत विभिन्न प्रयोजनका लागि प्रहरी चारित्रिक प्रमाणपत्र अनिवार्य गरेका छन्।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेका अनुसार आपराधिक गतिविधिमा संलग्न व्यक्तिले प्रहरी चारित्रिक प्रमाणपत्र पाउँदैनन्। जसले गर्दा विभिन्न देशमा रोजगारी वा अन्य अवसरहरूबाट वञ्चित हुनुपर्दछ।

नेपाल प्रहरीले प्रहरी रिपोर्ट पूर्णतः निःशुल्क उपलब्ध गराउँछ। अपराधसम्बन्धी राष्ट्रिय अभिलेख तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र पाउने आवेदकलाई नियमानुसार उपलब्ध गराउने गरिएको उहाँले जानकारी दिनुभयो।

निर्देशिकाअनुसार कुनै व्यक्तिउपर कुनै फौजदारी मुद्दामा अभियोग लागि अदालत वा अर्धन्यायिक निकायबाट सजाय तोकिएकोमा त्यस्ता सजाय भुक्तान नगरी कुनै पनि माध्यमबाट निजलाई प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध हुने छैन।

गम्भीर वा जघन्य कसुरमा सजाय पाएको, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोगलगायत अन्य फौजदारी कसुरमा सजाय पाएका व्यक्तिको हकमा त्यस्तो व्यक्तिले गरेको कसुर उल्लेख गरी प्रहरी चारित्रिक प्रमाणपत्र जारी हुँदै आएको छ।

यस्तै कुनै फौजदारी अभियोगमा मुद्दा दायर भई सफाइ पाएको, नाबालक, अदालत वा कुनै अर्धन्यायिक निकायबाट सुरू कारबाही र किनारा हुने फौजदारी मुद्दामा एक वर्ष वा सोभन्दा कम सजाय भई सजाय भुक्तान भएको, कुनै फौजदारी अभियोगमा मुद्दा दायर भई सफाइ पाएको व्यक्तिको विरूद्धमा पुनरावेदन परी पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको व्यक्तिको हकमा कसुर उल्लेख नगरी प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध हुनेछ।

## *कृषि तथा खाद्य ...*

**जैविक खेती, हरित उत्पादन तथा दिगो कृषि अभ्यास**

रासायनिक निर्भरता घटाउँदै माटो, पानी र स्वास्थ्य जोगाउनु अब बाध्यता हो। जैविक मल, कीरा-व्यवस्थापनका सुरक्षित उपाय, पानी बचत प्रविधि, प्रमाणिकरण र हरित बजारको संरचना बनेपछि जैविक खेती जोखिम होइनअवसर बन्छ। यसले किसानको स्वास्थ्य, उपभोक्ताको विश्वास र निर्यात सम्भावना बढाउँछ। स्वस्थ माटो र स्वस्थ खाना नै राष्ट्रको दीगो शक्ति हो।

**खाद्य सुरक्षा, पोषण सन्तुलन तथा जोखिम व्यवस्थापन**

खाद्य सुरक्षा भनेको अन्न मात्रै होइन—पोषण र सङ्कट व्यवस्थापन पनि हो। बाढी-सुक्खा-महामारीमा पनि आपूर्ति निरन्तर राख्ने बफर भण्डार, आपतकालीन खाद्य बैंक, जोखिमपूर्वानुमान र वितरण प्रणाली चाहिन्छ। बालबालिका, गर्भवती महिला र वृद्धका लागि पोषण कार्यक्रम खेतसँगै जोडिनुपर्छ। खाद्य सुरक्षा नै राष्ट्रको आधार सुरक्षित हुनु हो।

यो पृष्ठभूमिमा हरेक किसानले आफ्नो क्षेत्रकानेतातथा जनप्रतिनिधिहरूलाई कृषि तथा खाद्यसम्बन्धी निम्न प्रश्नहरू सोध्न र त्यसको जवाफ पनि प्राप्त गर्ने अधिकार राख्दछन्।

१) पहिलो एक वर्षमा कृषिमा जनताले देख्ने तीन ठोस नतिजा के हुन् र प्रत्येकको समयसीमा के हो?

२) मल-बीउ समयमै र गुणस्तरीय रूपमा प्रदान गर्ने ठोस व्यवस्था के हो र अनियमितता भए कारबाही कसरी हुन्छ?

३) सिँचाइ विस्तारमा पहिलो चरणका पालिका/क्षेत्र कुन हुन् र बजेट, जनशक्ति र मर्मत कसरी सुनिश्चित गर्नुहुन्छ?

४) माटो परीक्षण र सन्तुलित मल कार्यक्रम छ महिनाभित्र कहाँ-कहाँ सुरु हुन्छ र किसानले रिपोर्ट कसरी हेर्न पाउँछन्?

५) किसानलाई मेसिन/तालिम सुलभ बनाउन सहकारी मेसिन केन्द्र कहिले उपलब्ध हुन्छ र कति जिल्लाबाट सुरु हुन्छ?

६) भण्डारण/चिस्यान केन्द्र कहाँ कहाँ बन्छ र किसानले शुल्क कति तिर्नुपर्छ?

७) किसानको आय सुरक्षाका लागि न्यूनतम समर्थन मूल्य/करार खेती/सहकारी बजार–पहिलो वर्ष के के लागू हुन्छन?

८) दलाली र अपारदर्शी मूल्य रोक्न खुला मूल्य सूचना र किसान-बजार प्रत्यक्ष जडान कहिले सुरु हुन्छ?

९) दूध, मासु, तरकारी, अन्नको आपूर्ति शृंखला सुधारमा मुख्य ३ काम के हुन्?

१०) बाढी/सुक्खा/किरा महामारीमा फसल-जोखिम व्यवस्थापन र बीमा कसरी गरिन्छ र पीडितले कति दिनभित्र राहत पाउँछ?

११) उक्त समय सीमाभित्र उत्पादन/मूल्य/भण्डारण/सिँचाइमा सुधार देखिएन भने तपाईंको जवाफदेहिता के हो?

(शर्मा सरसफाइ तथा प्रकृति संरक्षण सम्बन्धी अभियन्ता हुनुहुन्छ।)

# प्रहरीद्वारा सर्लाहीमा गाँजाखेती फडानी अभियान

सर्लाही, २२ पुस (रासस)।
लालबन्दी नगरपालिकास्थित चुरे क्षेत्रमा गरिएको अवैध गाँजाखेती प्रहरीले नष्ट गरेको छ।

लालबन्दी नगरपालिका-१४ र १५ स्थित विभिन्न गाउँमा क्षेत्रमा लगाएको गाँजा प्रहरीले सोमबार नष्ट गरेको हो। चुरे क्षेत्रको शिर कालिन्जोर, सिरुडाँडा, ब्लोन टोललगायत स्थानमा रूपमा लगाएको दुई लाख बोट गाँजा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिनुभयो।

जिल्लाको चुरे क्षेत्रमा प्रहरीले मङ्सिरदेखि नै अवैध गाँजाखेती फडानी अभियान चलाएको छ। "उक्त क्षेत्रमा गाँजाखेती भइरहेको सूचना पाएपछि प्रहरी पुगेको थियो", उहाँले भन्नुभयो, "नेपाल प्रहरी र सशस्त्र प्रहरीका ४० जनाको टोलीले १३ बिघाको गाँजाका बोट फडानी गरेर फर्किएका छन्।" अवैध लागुऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले लुकाइछिपाइ गरेको गाँजाखेती खोजी र नष्ट गर्ने काम गरिरहेको प्रहरी नायब उपरीक्षक राईले बताउनुभयो। तथ्याङ्कअनुसार जिल्ला प्रहरी कार्यालयले चालु आर्थिक वर्षमा ९४.५ बिघा गाँजाखेती नष्ट गरिसकेको छ।

## विश्व समाचार

# इरानमा प्रदर्शन हिंसात्मक ३५ को मृत्यु

दुबई (संयुक्त अरब इमिरेट्स), २२ पुस (रासस/एपी)।
इरानमा आर्थिक कठिनाइविरुद्ध भइरहेको विरोध प्रदर्शनका क्रममा भएको हिंसामा कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने एक हजार २०० भन्दा बढीलाई हिरासतमा लिइएको मानव अधिकार कार्यकर्ताहरूले बताएका छन्। देशको धर्मतन्त्रले एउटा पश्चिमी प्रान्तमा अशान्तिलाई स्वीकार गरेपछि त्यहाँ सुरक्षा बलले एक अस्पतालमा छापा मारेको बताइएको छ।

एक हप्ताभन्दा बढी समयदेखि जारी प्रदर्शनमा २९ जना प्रदर्शनकारी, चार बालबालिका र दुई जना सुरक्षा बलका सदस्यको ज्यान गएको बताइएको छ। देशका ३१ मध्ये २७ प्रान्तका २५० भन्दा बढी स्थानमा प्रदर्शन फैलिएको जनाइएको छ। इरानभित्रैको कार्यकर्ता सञ्जालमा आधारित रिपोर्टिङ यसअघि पनि विश्वसनीय ठहरिँदै आएको छ।

अर्ध-आधिकारिक फार्स समाचार एजेन्सीका अनुसार झडपका क्रममा करिब २५० जना प्रहरी र रिभोलुसनरी गार्डका बासिज स्वयंसेवक बलका ४५ सदस्य घाइते भएका छन्। तर सरकारले मृतक र घाइतेको समग्र विवरण सार्वजनिक गरेको छैन।

सोमबार राति इरानी राष्ट्रपति मसुद पेजेस्कियानले इलाम प्रान्तको घटनाबारे 'पूर्ण अनुसन्धान' गर्न गृह मन्त्रालयलाई विशेष टोली गठन गर्न निर्देशन दिनुभएको छ। इलामको मालेकशाही क्षेत्रमा सुरक्षाकर्मीले प्रदर्शनकारीमाथि गोली चलाएको देखिने भिडियो सार्वजनिक भएका छन्। उहाँले इलाम सहरको अस्पतालमा सुरक्षाबलले छापा मारेको घटनालाई पनि स्वीकार गर्नुभएको छ। अनलाइन दृश्यमा दङ्गा नियन्त्रण पोसाकमा सुरक्षाकर्मी अस्पताल प्रवेश गरेको देखिन्छ, जहाँ घाइते प्रदर्शनकारी खोजिएको कार्यकर्ताहरूले बताएका छन्।

अस्पतालमा भएको घटनाको अमेरिकी विदेश मन्त्रालयले कडा आलोचना गर्दै यसलाई 'मानवता विरुद्धको अपराध' भनेको छ। फार्सले प्रदर्शनकारी सशस्त्र रहेको दाबी गरे पनि त्यसको पुष्टि हुने प्रमाण सरकारले सार्वजनिक गरेको छैन। इराकसँग सीमा जोडिएको इलाम प्रान्त कुर्दिश र लुर समुदायको बसोबास क्षेत्र हो र गहिरो आर्थिक समस्यामा छ।

बढ्दो मृतक सङ्ख्याले अन्तर्राष्ट्रिय ध्यान तानेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शान्तिपूर्ण प्रदर्शनकारीको हत्या भएमा अमेरिकाले हस्तक्षेप गर्नसक्ने चेतावनी दिनुभएको छ। ट्रम्पको उक्त चेतावनीप्रति इरानी अधिकारीहरूले कडा प्रतिक्रिया जनाएका छन्।

सन् २०२२ मा महसा अमिनीको हिरासतमा मृत्यु भएपछि देखिएको आन्दोलनयता यो सबैभन्दा ठूलो विरोध प्रदर्शन मानिएको छ। प्रतिबन्ध, युद्धको असर र मुद्राको तीव्र अवमूल्यनले जनआक्रोश बढाएको छ। सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले दङ्गाकारीलाई नियन्त्रणमा राख्नुपर्ने बताउनुभए पनि विरोध प्रदर्शन अझै शान्त भएको देखिँदैन।

# श्रीलङ्कामा सन् २०२५ सबै भन्दा धेरै विदेशी पर्यटक आगमन

कोलम्बो, २२ पुस (रासस/सिन्ह्वा)।
सन् २०२५मा श्रीलङ्कामा सबैभन्दा धेरै विदेशी पर्यटकहरूको आगमन रेकर्ड गरेको जनाइएको छ। श्रीलङ्कामा आएको चक्रवात दितवाहले गर्दा आएको अवरोधका बावजुद पर्यटन आय नयाँ वार्षिक रेकर्डमा पुगेको देशको विदेश मन्त्री विजिता हेराथले पत्रकारहरु सँगको साक्षतकारमा बताउनु भएको छ।

परराष्ट्र मामिला, विदेश रोजगार तथा पर्यटन मन्त्री हेराथले श्रीलङ्काले यस वर्ष २३ लाख ६० हजार भन्दा बढी विदेशी पर्यटकहरूले श्रीलङ्का भ्रमण गरेको बताउनु भएको छ जुन एक वर्षमा रेकर्ड गरिएको सबैभन्दा बढी सङ्ख्या हो।

पर्यटन राजस्व मात्र सन् २०२५ तीन अरब २० करोड अमेरिकी डलर पुगेको उल्लेख गर्दै देशको विदेशी मुद्रा को दोस्रो ठूलो स्रोतको रूपमा पर्यटन व्यावसाय भएको उहाँले पुष्टि गर्नु भएको छ।

नोभेम्बरको अन्त्यमा श्रीलङ्कमा आएको चक्रवात दितवाको प्रभावका बावजुद पर्यटकहरूको आगमन बलियो रहेको बताउदै उहाँले मन्त्रीले नीतिगत समर्थन उपाय र प्रवर्द्धन गतिविधिका कारण विपत्ति पछि पनि पर्यटन आगमन जारी रहेको बताउनु भएको छ।

श्रीलङ्काले सन् २०२६ मा न्यूनतम ३० लाख विदेशी पर्यटक आगमनको लक्ष्य राखेको छ, जुन सन् २०२५ को भन्दा करिब २७ प्रतिशतले बढी हो। चक्रवात पछि अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ का लागि समग्र वृद्धिको अनुमानलाई २.९ प्रतिशतमा संशोधन गरेको कारण पर्यटन वृद्धिले आर्थिक सुधार प्रयासमा योगदान गर्ने श्रीलङ्काली अधिकारीहरूले अपेक्षा गरेका छन्।

# श्रीलङ्कामा अवैध मदिरा सेवन गर्दा पाँच जनाको मृत्यु

कोलम्बो, २२ पुस (रासस/सिन्ह्वा)।
श्रीलङ्काको उत्तरपश्चिमी प्रान्तमा अवैध रूपमा बनाइएको मदिरा सेवन गर्दा पाँच जनाको मृत्यु भएको प्रहरीले मङ्गलबार जनाएको छ।

प्रहरीका अनुसार मधिरा पिए लगत्तै तिन जनाको मृत्यु भएको थियो भने अन्य दुई जनाको उपचारको क्रममा अस्पतालमा मृत्यु भएको थियो। प्रहरीले घटनाको अनुसन्धान जारी रहेको बताएको छ।

श्रीलङ्कालीहरूले प्रयोग गर्ने मधिराहरु मध्ये करिब ४० प्रतिशत अवैध मधिरा रहेको र यसको विषाक्तताका कारण गम्भीर स्वास्थ्य जोखिम आउने गरेको आधिकारिक तथ्याङ्कले देखाएको छ। श्रीलङ्काका मा मुख्य रूपमा मेथनोल वा पाराक्वाटको प्रदूषणका कारण अवैध मधिरा सँग सम्बन्धित सामूहिक विषाक्तता र मृत्युका धेरै घटनाहरू रेकर्ड गरेको जनाइएको छ।

# हनुमाननगर कंकालिनी नगरपालिकामा सार्वजनिक सुनुवाइ




**दैनिक समाचारदाता**
**राजविराज, २२ पुस ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा मंगलबार सार्वजनिक सुनुवाइ गरिएको छ ।

सरकारी सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र जनमैत्री बनाउने उद्देश्यले सार्वजनिक सुनुवाई गरिएको पालिकाले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीको आयोजनामा मंगलबार नगरपालिकाको वडा नम्बर ११ स्थित सामुदायिक भवनमा सेवा प्रवाहसम्बन्धी सहजीकरण, समन्वय तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा सहभागीहरुले प्रशासन र स्थानीय तहबीचको समन्वयलाई सुदृढ गर्दै नागरिकले सहज, छिटो र निष्पक्ष रुपमा सेवा पाउने व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

प्रमुख अतिथि नगरप्रमुख बिरेन्द्र माझीले स्थानीय तहले प्रशासनसँग सहकार्य गर्दै जनताको समस्या समाधानमा निरन्तर सक्रिय रहने बताए ।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको अध्यक्षता आयोजित कार्यक्रममा सरकारी सेवा प्रवाहलाई अझ प्रभावकारी, पारदर्शी र जनमैत्री बनाउन नागरिकका गुनासा, सुझाव तथा जिज्ञासाहरु संकलन गरी समाधानका उपायबारे विस्तृत छलफल गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी पोखरेलले नागरिकका सुझाव र गुनासालाई गम्भीरताका साथ ग्रहण गर्दै सेवा प्रवाह सुधारका लागि आवश्यक पहल गरिने प्रतिबद्धता व्यक्त गरे ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा राष्ट्रिय अनुसन्धान विभाग सप्तरीका प्रमुख कुलचन्द नेपाल, स्थानीय पालिकाका सबै वडा अध्यक्षहरु, स्थानीय बासिन्दा, नागरिक समाजका प्रतिनिधि, युवा, विद्यार्थी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# ‘कर्मचारीको हक, हितका पक्षमा सरकारको ध्यानाकर्षण’

काठमाडौं, २२ पुस (रासस) ।

नेपाल निजामती कर्मचारी सङ्गठनले उठाएका माग, मुद्दाहरू सम्बोधन गर्न सरकारसँग अनुरोध गरेको छ ।

यही पुस २० गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकको निर्णय सार्वजनिक गर्ने उद्देश्यले मंगलबार आयोजित पत्रकार सम्मेलनमा सङ्गठका अध्यक्ष भवानी न्यौपाने दाहालले राष्ट्रसेवक कर्मचारीको बृत्तिबिकाससहित मनोबल बढाउने सन्दर्भमा भएका निर्णय कार्यान्बयन गर्न अनुरोध गर्नुभएको हो ।

बैठकले निजामती सेवा ऐन लागू गरी स्वास्थ्य र संसद् सेवाहरू समावेश गर्ने, तहगत मिलान गर्ने, लगातार पाँच बर्ष सेवा गरेको कर्मचारीलाई एक तह, १० वर्ष सेवा गरेकालाई एक श्रेणी बढुवा गर्ने, अन्तर तह, प्रदेश र स्थानीयस्तरको सरुवा पूर्वानुमानयोग्य र वैज्ञानिक बनाउने, ट्रेड युनियन अधिकार सुनिश्चित गर्ने सन्दर्भमा गरेको निर्णय कार्यान्यबनका लागि सरकारको ध्यानाकर्षण गरेको छ ।

यसैगरी कर्मचारी सङ्गठनका महासचिव रामचन्द्र अधिकारीले न्याय सेवा र सरकारी वकिल कर्मचारीको सुविधा तथा पारिश्रमिकसम्बन्धी ऐन सङ्घीय तहबाट जारी गर्ने, कर्मचारीको घर सापटी, रासन कार्ड, स्वास्थ्य सुविधा, बाल स्याहार, बिदा र सामाजिक सुरक्षा सुनिश्चित गर्ने, सार्वजनिक सेवामा ‘शीघ्र सेवा-तीव्र विकास’ अभियान मार्फत नागरिकमैत्री सेवा प्रवाह सुनिश्चित गर्नेलगायतका विषयमा भएको निर्णय सार्वजनिक गर्दै कर्मचारी हक, हितका पक्षमा नीतिगत तथा कानुनी व्यवस्था गर्न माग गर्नुभयो ।

### प्रमुख र उपप्रमुखको ...

नसकिएको उनले बताए ।

उक्त मुद्दाको पेशी पुस ३० गते तोकिएको जानकारी दिँदै नगरप्रमुख गुप्ताले न्यायिक प्रक्रियाप्रति पूर्ण सम्मान रहेको उल्लेख गरे । कानुनी प्रक्रिया टुंगो लाग्ने बित्तिकै शिक्षक तथा कर्मचारीको तलब भत्ता निकासा गरिने प्रतिबद्धता व्यक्त गर्दै उहाँले संयम र धैर्य अपनाउन आग्रह गरेका छन् ।

यता नगर उपप्रमुख मुना कुमारी पोखरेलले विगत साढे तीन बर्ष देखि कानुनले दिएको अधिकार नगरप्रमुख गुप्ताले प्रयोग गर्न नदिएको कारण आफ्नो अधिकार प्राप्त गर्न आफु उच्च अदालत जनकपुर-राजविराज इजलाशमा मुद्दा दायर गरेको स्पष्ट पारेकी छिन् ।


## सुचना ! सुचना ! सुचना !

नेपाल क्रिकेट संघको बार्षिक कार्यक्रम अनुसार यही ०८२ चैत १४ गते हुन गईरहेको प्रधानमन्त्री कप एकदिवसिय पुरूष सिनियर राष्ट्रिय क्रिकेट प्रतियोगिताको लागी मधेश प्रदेश हुँदै राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनका लागि सप्तरी जिल्ला क्रिकेट टिम छनोट गर्नुपर्ने भएकोले जिल्लाभरीका ईच्छुक क्रिकेट खेलाडीहरूले निर्धारित मिति भित्र आ-आफ्नो फारम भर्नका लागी अनुरोध छ ।

**तपसिल**
मिति : २०८२ पुष २३ देखि २६ गते बेलुका ५ बजे सम्म
सम्पर्क नम्वर : ९८६११५५७७३/९८०४१५४९६४

**सचिव**
सप्तरी क्रिकेट संघ, राजबिराज


# सर्वदलीय बैठकबाट विवाद टुङ्गिएसँगै वीरगञ्जमा ‘कर्फ्यू’ हटाइयो

पर्सा, २२ पुस (रासस) ।

सर्वदलीय तथा सर्वपक्षीय बैठकले विगत केही दिनदेखि वीरगञ्जमा भइरहेको विरोध प्रदर्शन अबदेखि नगर्ने सहमति गराएको छ । जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा मंगलबार यहाँ बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको ‘कर्फ्यू’ पनि मंगलबार ३:३० बजेदेखि हटाइएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अन्य मुलुक वा स्थानमा घटेका घटनालाई लिएर वीरगञ्जमा प्रदर्शन तथा आन्दोलन नगर्ने प्रतिबद्धता गरेसँगै कर्फ्यू हटाउने निर्णय भएको जानकारी दिनुभयो । “यहाँका दुई समुदायबीच सहमति र यहाँको शान्तिसुरक्षाको अवस्था सहज बन्दै गएपछि कर्फ्यू हटाउने निर्णय गरेका हौँ,” उहाँले भन्नुभयो, “अब यहाँको जनजीवन सामान्यतर्फ उन्मुख भइरहेको छ ।”

सो बैठकले आन्दोलनरत पक्षले विरोध प्रदर्शन गर्नुअघि प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिई प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र पेस गर्न जोड दिने, तत्पश्चात् मात्र आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको बताइएको छ ।

“भविष्यमा हुन सक्ने धार्मिक, सामाजिक, सद्भाव विरुद्धका गतिविधिहरूलाई नियन्त्रण गर्न तथा आवश्यक कानुनी कारबाहीका लागि सिफारिस गर्न जिल्लास्थित क्रियाशील राजनीतिक दलहरू एवं विभिन्न धार्मिक समुदायका अगुवाहरू रहने तपसिल बमोजिमको स्थायी सद्भाव संयन्त्र गठन गर्ने निर्णय भएको छ,” उहाँले भन्नुभयो ।

प्रजिअ दाहालका अनुसार सो स्थायी सद्भाव संयन्त्रमा हिन्दू समुदायका तर्फबाट रञ्जित साह, रञ्जन सिंह रहनेछन् । त्यसैगरी, मुस्लिम समुदायका तर्फबाट महमद महबुब अलि (शेरु) र अलि असगर मदनी रहनेछन् ।

सो सर्वपक्षीय तथा सर्वदलीय बैठकले अन्य धार्मिक समुदायबाट पनि आवश्यकताअनुसार प्रतिनिधित्व र जिल्लास्थित राजनीतिक दलहरूका तर्फबाट एक/एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ ।

त्यसैगरी, सोही संयन्त्रमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष तथा नागरिक समाजको प्रतिनिधि सदस्य रहनेछन् ।

सो बैठकले सबै प्रकारका सञ्चारकर्मीहरूलाई समाचार सम्प्रेषण गर्नुपूर्व धार्मिक, सांस्कृतिक/सामाजिक सद्भावमा खलल नपुग्ने गरी सामाचार सम्प्रेषण गर्न अनुरोध गर्ने पनि निर्णय गरेको छ ।

त्यसैगरी धार्मिक, सांस्कृतिक, सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह/आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने बताइएको छ ।

साथै सबै पक्षले आ-आफ्नो, समूहका तर्फबाट भएका कमजोरीको मनन गर्दै आ-आफ्नो समुदायका व्यक्तिलाई अनुशासन र आत्मसंयम तथा सद्भाव कायम राख्न प्रतिबद्धता व्यक्त गर्ने निर्णय भएको छ । सो बैठकले विद्यमान परिस्थितिलाई सहज बनाउन सबैले आ-आफ्नो स्थानबाट सक्रिय र सकारात्मक भूमिका निर्वाह गर्दै थप विरोध कार्यक्रमहरू नगर्ने पनि निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# नक्कली नोट छाप्ने मेसिनसहित थप दुई जना पक्राउ

काठमाडौँ, २२ पुस (रासस) ।

नक्कली नोट छाप्ने मेसिनसहित थप दुई जना पक्राउ परेका छन् । नक्कली नोटको कारोबार भइरहेको सूचनाका आधारमा प्रहरीले बाराको कलैया उपमहानगरपालिका-२ का २८ वर्षीय गौरीशङ्कर यादव र फेटा गाउँपालिका-३ का २८ वर्षीय रविकुमार श्रीवास्तवलाई बाराबाट पक्राउ गरेको हो ।

श्रीवास्तवले भारतीय नम्बर प्लेटको मोटरसाइकलमा नक्कली नोट छाप्ने मेसिन, कम्प्युटर प्रिन्टिङ मेसिनलगायत सामग्री नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा जिल्ला प्रहरी परिसर काठमाडौँ र प्रहरी वृत्त बौद्धबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

प्रहरीले केही दिनअघि गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेल चोकबाट एक हजार दरको ९३ थान नक्कली नोटसहित छ जनालाई नियन्त्रणमा लिएको थियो । उनीहरूमाथि अनुसन्धानका क्रममा प्रहरीले थप दुई जनालाई पक्राउ गरेको हो । पक्राउ परेका दुवै जनालाई काठमाडौँ प्रहरीले सोमबार सार्वजनिक गरेको छ ।

श्रीवास्तवले भारतको मोतिहारी लाला टोलको पतौनामा डेरा लिएर नक्कली नोट छाप्ने गरेको अनुसन्धानबाट खुलेको छ । उनले नेपालमै नक्कली नोट छाप्नका लागि आवश्यक सामग्री ल्याएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

प्रहरीले श्रीवास्तवका साथबाट भारतीय रुपैयाँ ५०० दरका ३१७ थान, मोनिटर एक थान, रङ्गीन प्रिन्टर एक थानलगायत उपकरण बरामद गरेको छ ।


**हरहर महादेव** **जय श्रीराम** **ॐ नमः शिवाय**



ॐ



**यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा’’को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।**

**स्थान:**
**प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण**
**राजविराज नगरपालिका -७**

**समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजबिराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*